# शिखर फाइनान्स लिमिटेड
## Shikhar Finance Limited

थापाथली, काठमाडौं ।
पो. ब. नं. २५७६२
फो. नं. ४१००५२५, ४१००५२६ फ्याक्स नं. ४१००५२७
ईमेल : sfl@mail.com.np, info@shikharfinance.com
वेब साईट : shikharfinance.com

# पाँचौं वार्षिक साधारण सभा
# को
# काम कारवाहीको विवरण

## (माईन्यूट)

| | | |
|---|---|---|
| सभा मिति | : | २०६८ साल बैशाख ३१ गते, शनिवार । |
| सभा समय | : | विहान ११ बजे |
| सभा स्थान | : | नेपाल पर्यटन बोर्ड<br>भृकुटी मण्डप, काठमाडौं । |

# शिखर फाइनान्स लिमिटेड
Shikhar Finance Limited
को
# पाँचौं वार्षिक साधारण सभाको काम कारवाहीको विवरण (माईन्यूट)

यस संस्थाको मिति २०६८/०१/०२ मा बसेको संचालक समितिको १४० औं बैठकको निर्णय अनुसार मिति २०६८ साल बैशाख ३१ गते शनिवारका दिन यस संस्थाको पाँचौं वार्षिक साधारण सभा संस्थाको संचालक समितिको अध्यक्ष श्री दुर्गामान श्रेष्ठ ज्यू को अध्यक्षतामा नेपाल पर्यटन बोर्ड, भृकुटी मण्डप, काठमाडौंमा विहान ११ बजे शुरू भै दिउँसो ०२.४५ मा देहाय बमोजिम सम्पन्न भयो ।

१. **वार्षिक साधारण सभाको छलफलको विषय सूची** :

१). सामान्य प्रस्तावहरू

क) संचालक समितिको तर्फबाट अध्यक्षज्यूको वार्षिक प्रतिवेदन पारित गर्ने ।

ख) लेखा परीक्षण प्रतिवेदन सहितको आर्थिक बर्ष २०६६/०६७ को वासलात, नाफा-नोक्सान हिसाब तथा नगद प्रवाह विवरण पारित गर्ने ।

ग) आ.व. २०६७/०६८ को लागि लेखा परीक्षण गर्न लेखा परिक्षकको नियुक्ति गर्ने निजको पारिश्रमिक तोक्ने । संस्थाको लेखा परिक्षण समितिले सिफारिस गरे बमोजिम लेखा परिक्षक साझेदार, श्री जनक एण्ड एशोसियटस्, चार्टर्ड एकाउण्टेण्ट्स पुन नियुक्ति हुन योग्य रहेको ।

घ) संस्थापक शेयरधनी (समूह 'क') बाट संचालक समितिमा प्रतिनिधित्व गर्ने ४ जना संचालकहरूको निर्वाचन गर्ने ।

२) विशेष प्रस्तावहरू

क) जारी पूँजी तथा चुक्ता पूँजी वृद्धि गर्ने बारे ।

ख) संचालकको पारिश्रमिक तथा सुविधा बारे ।

ग) प्रबन्धपत्र तथा नियमावलीमा आवश्यक संशोधन गर्ने बारे ।

घ) प्रबन्धपत्र तथा नियमावलीमा संम्बन्धित निकाय वा कार्यालयबाट थप संशोधन गर्न कुनै निर्देशन दिएमा सो समेत मिलाई संशोधन गर्न संचालक समितिलाई अख्तियार दिने बारे ।

ङ) ४:१ को अनुपातमा हकप्रद शेयर निष्काशन गर्ने बारे ।

३) विविध :

**२. सभाको सूचना सम्बन्धी जानकारी :**

पाँचौं वार्षिक साधारण सभा सम्बन्धी सूचना मिति २०६८ साल बैशाख ०८ गतेको "नेपाल समाचार पत्र" राष्ट्रिय दैनिक पत्रिकामा प्रथम पटक र मिति २०६८ बैशाख २१ गतेको "अन्नपूर्ण पोष्ट" राष्ट्रिय दैनिकमा दोश्रो पटक प्रकाशित गरिएको जानकारी दिईएको थियो । साधारण सभा हुने मिति, समय तथा स्थान र विषय सूची खोलिएको सूचना सहित पाँचौं वार्षिक प्रतिवेदन लगायत सभामा प्रस्तुत हुने विषयसूची अनुसारका प्रस्तावहरू शेयर धनी महानुभावहरूलाई वितरण गरिएको, वार्षिक प्रतिवदेन प्राप्त नभएका शेयरधनीमहानुभावहरूले संस्थाको कार्यालयबाट प्राप्त गर्न सकिने र सोको संस्थाको वेव साईट www.shikharfinance.com बाट समेत हेर्न सकिने व्यहोराको साधारण सभा सम्बन्धी सूचनामा शेयरधनी महानुभावहरूको जानकारी दिएको सूचित गराईएको थियो ।

**३. सभामा उपस्थितिः**

३.१ संचालक समितिका पदाधिकारीहरू :

| | |
|---|---|
| १. श्री दुर्गामान श्रेष्ठ | अध्यक्ष |
| २. श्री महेश कुमार श्रेष्ठ | संचालक |
| ३. श्री शम्भु बहादुर प्रधान | संचालक |
| ४. श्री चन्द्र खत्री | संचालक |
| ५. श्री टेक राज पछाई | संचालक (सर्वसाधारण शेयरधनीको तर्फबाट) |
| ६. श्री भरत रेग्मी | संचालक (सर्वसाधारण शेयरधनीको तर्फबाट) |

३.२ श्री उमेश रेग्मी — महाप्रबन्धक

३.३ पर्यवेक्षकहरू

१. श्री नारायण प्रसाद शर्मा — श्री नेपाल धितोपत्र बोर्ड

३.४ लेखा परिक्षक

श्री दिलमान सिं चन्द — साझेदार, श्री जनक एण्ड एशोसियटस्, चाटर्ड एकाउण्टेण्टस्

३.५ निर्वाचन अधिकृत

अधिवक्ता श्री सुशिल काजि वाँनिया

३.४ शेयर धनीहरू :

१. शेयर धनी महानुभावहरू स्वंय उपस्थित — १०८

२. प्रतिनिधिपत्र (प्रोक्सी) मार्फत उपस्थित — २१

**४. गणपूरक संख्याः**

गणपूरक संख्या देहाय बमोजिम रहेको थियो ।

| शेयरधनीहरू उपस्थिति | शेयरधनी संख्या | शेयर संख्या | प्रतिशत |
|---|---|---|---|
| स्वयम् उपस्थित | १०८ | २३६५०० | २३.६५ |
| प्रतिनिधिपत्र मार्फत उपस्थित | २१ | ४४७४७० | ४४.७५ |
| **जम्मा उपस्थिति** | १२९ | ६८३९७० | ६८.४० |

**५. सभाको वैधानिकता :**

कम्पनी ऐन, २०६३ तथा संस्थाको नियमावलीमा भएका प्रावधान बमोजिम साधारण सभा बोलाउनुको साथै कम्पनी ऐन, २०६३ को दफा ७३ को उपदफा (२) बमोजिम गणपूरक संख्या पुगेको सभालाई जानकारी गराईयो ।

**६. सभाको अध्यक्षता र सभा संचालन :**

कम्पनी ऐन तथा संस्थाको नियमावलीमा भएको व्यवस्था बमोजिम संचालक समितिका अध्यक्षले नै साधारण सभाको पनि सभापतित्व गर्ने प्रावधान अनुसार संस्थाको संचालक समितिका अध्यक्ष श्री दुर्गामान श्रेष्ठज्यूको सभापतित्वमा सभा संचालन भयो ।

७. पांचौं वार्षिक साधारण सभा प्रारम्भ गर्ने क्रममा यस संस्थाका अध्यक्ष श्री दुर्गामान श्रेष्ठ ज्युलाई पानसमा बत्ती बालि आजको बार्षिक साधारण सभा समुद्घाटन गर्नु भयो ।

८. संस्थाका महाप्रबन्धक श्री उमेश रेग्मीले सभामा उपस्थित शेयरधनी महानुभावहरूलाई स्वागत भाषण प्रस्तुत गर्नुभयो ।

**९. संचालक समतिको तर्फबाट अध्यक्ष श्री दुर्गामान श्रेष्ठ ज्यू बाट पाँचौं वार्षिक प्रतिवेदन प्रस्तुती**

अध्यक्षज्यूले उपस्थित सबै शेयर धनी महानुभावहरूलाई हार्दिक स्वागत एवं अभिवादन सहित आफ्नो मन्तव्य व्यक्त गर्दै सञ्चालक समितिको तर्फबाट संस्थाको आ. व. २०६६/०६७ को पाँचौं बार्षिक प्रतिवेदन सभा समक्ष प्रस्तुत गर्नु भयो ।

**१०. छलफलको लागि आव्हान :**

१०.१ सञ्चालक समितिको तर्फबाट अध्यक्षज्यूले प्रस्तुत गर्नु भएको पाँचौं बार्षिक प्रतिवेदन, आ.व. २०६६/०६७ को लेखा परीक्षण प्रतिवेदन सहित २०६७ साल आषाढ मसान्तको वासलात, नाफा नोक्सान हिसाब तथा नगद प्रवाह विवरण माथि छलफल गरी पारित गर्न शेयरधनी महानुभावहरूको कुनै जिज्ञासा, सुझाव, मन्तव्य तथा प्रश्नहरू भएमा आ-आफ्नो नाम दिई क्रमशः आफ्नो मन्तव्य तथा जिज्ञासा सभा समक्ष राख्न सभामा उपस्थित सबै शेयरधनीहरूलाई आह्वान गरिएको थियो ।

१०.२ उक्त आह्वान अनुसार देहायका शेयरधनी महानुभावहरूले आ-आफ्नो प्रश्न, मन्तव्य र जिज्ञासाका साथै सुझाव समेत व्यक्त गर्नु भयो ।

१. श्री डमरू बल्लभ घिमिरे
२. श्री उद्धव प्रसाद घिमिरे
३. श्री ईन्द्र कृष्ण श्रेष्ठ
४. श्री अमिर दास रन्जित
५. श्री कुबेर श्रेष्ठ
६. श्री दामोदर रेग्मी
७. श्री नरसिङ्ग लाल चख्खु
८. श्री महेन्द्र बहादुर श्रेष्ठ
९. श्री रोज कुमार श्रेष्ठ
१०. श्री सुधिर श्रेष्ठ
११. श्री नारायण सुन्दर श्रेष्ठ

**११. शेयरहोल्डरहरूबाट प्रस्तुत प्रश्न, मन्तव्य, जिज्ञासा तथा सुझाव :**

११.१ शेयरधनी श्री डमरू बल्लभ घिमिरेज्यूले राख्नु भएको प्रश्न, जिज्ञासा, मन्तव्य तथा सुझावहरू :

क) संस्थाको पाँच बर्षको प्रमुख वित्तीय सुचकाङ्क सन्तोषजनक रहेको ।

ख) व्यवस्थापन पक्षका साथै कर्मचारीहरूलाई वृत्ति विकास गर्ने थप प्रशिक्षण दिंदै जानुपर्ने ।

ग) नेपाल राष्ट्र बैंकको निर्देशन अनुसार चुक्ता पूँजी पु-याउन ४:१ को ठाउँमा २:१ को अनुपातमा हकप्रद शेयर जारी गरे समयमै चुक्ता पूँजी वृद्धि हुने । समयमै हकप्रद शेयर जारी गर्नुपर्ने ।

घ) निष्क्रिय कर्जा सकेसम्म कम गर्दै जानुपर्ने ।

ङ) समयमै साधारण सभा सम्पन्न गर्ने सुझाव ।

च) शेयरधनीहरूलाई प्रतिफल दिन ढिलो भएको । आगामी दिनमा लाभाशंको आशा राखेको ।

छ) संस्था अन्य उचित बैंक वा वित्तीय संस्था संग मर्जर र एक्वीजिशन गर्नुपर्ने अवस्था आएमा मर्ज गर्ने प्रस्ताव ।

११.२ शेयरधनी श्री उद्धव प्रसाद घिमिरे ज्यूले प्रस्तुत गर्नु भएको प्रश्न, जिज्ञासा, मन्तव्य तथा सुझावहरू :

क) लगानीमा विशेष ध्यान दिनुपर्ने ।

ख) कर्जा सापटमा वृद्धि गर्नुपर्ने ।

ग) शेयरधनीहरूलाई प्रतिफल (लाभाशं तथा वोनस शेयर) दिनुपर्ने ।

घ) आवश्यक भएमा राम्रो संस्था संग मर्जर गर्ने प्रक्रिया अघि बढाउनुपर्ने ।

ङ) चुक्ता पूँजी समयमै वृद्धि गर्दै जानुपर्ने ।

च) संस्थाको आफ्नै कर्पोरेट भवन हुनुपर्ने ।

छ) ब्याज आम्दानीमा वृद्धि गर्दै जानुपर्ने ।

ज) तरलतामा वृद्धि गर्नुपर्ने ।

झ) Corporate Governance लाई सिरोपर गर्नुपर्ने ।

ण) क्रेडिट जोखिम बारे ध्यान दिनुपर्ने, कर्जा नीति बारे ध्यान दिनुपर्ने ।

ट) पाँच बर्षको प्रमुख वित्तीय सुचकाङ्क सन्तोषजनक रहेको ।

ठ) खर्चमा मितव्ययिता ल्याई कूल मूनाफामा वृद्धि गर्नुपर्ने ।

ड) वार्षिक प्रतिवेदनमा सामाजिक उत्तरदायित्व जस्ता जनचेतना गरेको राम्रो पाइएको ।

११.३ शेयरधनी श्री ईन्द्र कृष्ण श्रेष्ठ ज्यू ले प्रस्तुत गर्नु भएको प्रश्न, जिज्ञासा, मन्तव्य तथा सुझावहरू :

क) शेयरधनीले प्रतिफल पाउनुपर्ने ।

ख) सभामा शेयरधनीहरूको उपस्थितिमा वृद्धि हुनुपर्ने ।

ग) वार्षिक प्रतिवेदनमा कार्यकारी अधिकृतको मन्तव्य समेत समावेश गर्नुपर्ने ।

घ) वार्षिक प्रतिवेदनको कभर पृष्ठमा देखाईएका जनचेतनामूक फोटो राम्रो रहेको ।

११.४ शेयरधनी श्री अमिर दास रन्जित ज्यूले प्रस्तुत गर्नु भएको प्रश्न, जिज्ञासा, मन्तव्य तथा सुझावहरू :

क) लगानीकर्ताहरूलाई प्रतिफल पाउनुपर्ने ।
ख) वार्षिक प्रतिवेदन अवधि सम्मको वित्तीय विवरण देखाएमा अझ बढी खुलस्त हुने ।
ग) आगामी आषाढ मसान्त सम्म हकप्रद शेयर निष्काशन हुन नसके त्यस पश्चातका अवस्था बारे जिज्ञासा ।
घ) गत चैत्र मसान्तमा निक्षेप र कर्जा सापट वृद्धि तथा खुद मुनाफामा वृद्धि तथा NPA घटाउन´ सक्नु राम्रो पक्ष हो ।
ङ) संस्थाको बैशाख मसान्तको वित्तीय अवस्था तथा यस बर्ष संस्थाले कमाउने मुनाफाको लक्ष्य र सोको प्राप्ती बारे जिज्ञासा ।
च) संस्थाको CD Ratio अनुपात कम गर्नुपर्ने ।
छ) २०६८ आषाढ मसान्त भित्र हकप्रद शेयर निष्काशन गर्नुपर्ने ।
ज) भावी योजनाहरू बारे जानकारी गर्नुपर्ने ।
झ) पाँच बर्षको प्रमुख वित्तीय सुचकाङ्क सन्तोषजनक रहेको ।
ण) कर्मचारीहरूलाई दक्ष बनाई समयानुकूल समय सापेक्ष कार्यदक्षतामा परिवर्तन गर्दै लग्नुपर्ने ।
ट) आगामी बर्षहरूमा पनि यस बर्ष झैं नेपाल राष्ट्र बैंकको निर्देशनहरू पालना गर्दै जाने सुझाव ।

११.५ शेयरधनी श्री कुबेर श्रेष्ठज्यूले प्रस्तुत गर्नु भएको प्रश्न, जिज्ञासा, मन्तव्य तथा सुझावहरू :

क) संस्थाको भविष्यको योजना हुनुपर्ने । कमसेकम २ देखि ५ बर्ष सम्मको Vision, Mission बारे Strategic Plan बनाउनु पर्ने ।
ख) CD Ratio, NPA घटाउनुपर्ने ।
ग) समयमै साधारण सभा सम्पन्न गर्ने ।
घ) Compliance Cell को गठन गर्नुपर्ने ।
ङ) सुव्यवस्थित रूपले कर्जा प्रदान गर्ने र असूली गर्ने ।
च) NRN / Pension Deposit Scheme ल्याउनुपर्ने ।
छ) संचालक बैठक भत्ता न्यून रहेको वृद्धि गर्ने प्रस्ताव ठिक रहेको तर संस्थाले बढी भन्दा बढी मुनाफा कमाउन पनि पहल गर्नुपर्ने ।
ज) शेयरधनीहरूलाई आफ्नो शेयर रहेको संस्था बारे सदा सजग रहन सुझाव ।

११.६ शेयरधनी श्री दामोदर रेग्मी ज्यूले प्रस्तुत गर्नु भएको प्रश्न, जिज्ञासा, मन्तव्य तथा सुझावहरू :

क) संस्थामा सर्वसाधारण शेयरधनीको शेयरमा लगानीको Cost of Fund बारे पनि संचालक समितिले महसूस गर्नुपर्ने ।
ख) त्रैमासिक वित्तीय विवरणमा NPA Level कम रहे पनि आषाढ मसान्तमा NPA घटनुपर्ने ।

ग) शेयरधनीहरूलाई लाभाशं वितरण गर्नुपर्ने । वोनस शेयर दिई पूँजी वृद्धि गर्नुपर्ने ।
घ) संस्थाले Business Planning बनाई कार्य गर्नुपर्ने ।
ङ) संचालकहरूको राम्रो नेतृत्व हुनुपर्ने, वजार प्रवर्द्धन गर्ने व्यवसाय तिर लाग्नुपर्ने र व्यवस्थापन कर्मचारीहरूको राम्रो कामको प्रशंशा गर्ने र नराम्रो कामको लागि आवश्यक निर्देशन दिने सुझाव ।
च) वार्षिक लक्ष्यको त्रैमासिक, अर्धवार्षिक तथा वार्षिक रूपमा मूल्याकंन गर्नुपर्ने

११.७ शेयरधनी श्री नरसिंङ्ग लाल चख्खु ज्यूले प्रस्तुत गर्नु भएको प्रश्न, जिज्ञासा, मन्तव्य तथा सुझावहरू :

क) संचालकहरू संस्था प्रति वफादार हुनुपर्दछ ।
ख) शेयरधनीहरू आफ्नो शेयर रहेको संस्था प्रति सचेत रहनुपर्ने ।
ग) शेयरधनीहरूलाई लाभाशं वितरण गर्ने बारे ध्यान दिनुपर्ने ।
घ) CD Ratio मा वृद्धि रहेको ।
ङ) संस्थालाई राम्रो संस्था संग मर्जर गर्न उपयुक्त हुने ।
च) कर्जा असूलीमा विशेष ध्यान दिनुपर्ने ।
छ) कर्मचारी समूहलाई बलियो बनाई कार्य सम्पादन गर्नुपर्ने र सोही बमोजिम निजहरूको सेवा सुविधा बारे पनि ध्यान दिनुपर्ने ।
ज) प्रतिस्पर्धात्मक बजार रणनीतिमा ध्यान दिनुपर्ने ।
झ) नयाँ Product/Scheme ल्याउने बारे संस्थाले ध्यान दिनुपर्ने ।
ञ) वार्षिक प्रतिवेदनको कभर पृष्ठमा सामाजिक जनचेतना जगाउने जस्ता मावन कल्याणका कार्यहरू गरेको राम्रो रहेको ।
ट) संस्थाले स्वास्थ्य क्षेत्रमा पनि व्यवसाय प्रवर्द्धन तथा विस्तार गर्न उचित हुने
ठ) Hydro Power तिर लगानी गर्ने बारे पनि सोच राख्नुपर्ने ।
ड) Capital Planning बारे लक्ष्य राखि कार्य गर्नुपर्ने ।

११.८ शेयरधनी श्री महेन्द्र् श्रेष्ठज्यूले प्रस्तुत गर्नु भएको प्रश्न, जिज्ञासा, मन्तव्य तथा सुझावहरू :

क) हकप्रद शेयर निष्काशन गरी पूँजी वृद्धि गर्ने ठीक हो तर शेयरधनीहरूलाई पनि संस्थाले सक्दो लाभाशं दिने योजना बनाउनुपर्ने ।
ख) संस्थाको पूँजी वनावट योजना बारे शेयरधनीहरूलाई जानकारी दिनुपर्ने ।
ग) निक्षेपको सुरक्षित रहने वातावरण बनाउनुपर्ने ।
घ) वार्षिक प्रतिवेदनमा देखाईएका जनचेतनामूलक फोटो प्रस्तुती राम्रो रहेको ।
ङ) संस्थाको हाल सम्मको पूँजी वनावट बारे जानकारी दिनुपर्ने ।
च) निक्षेपकर्ता तथा शेयरधनीहरूको चासो बारे पनि ध्यान दिनुपर्ने ।
छ) संस्थाले संस्थागत सुशासनको राम्ररी पालना गर्नुपर्ने ।
ज) शेयरधनीहरूलाई लाभाशं दिई चुक्ता पूँजीमा वृद्धि गरेपछि मात्र संस्थाले Corporate Building बनाउने तिर पहल गर्नुपर्ने ।

११.९ शेयरधनी श्री रोज कुमार श्रेष्ठज्यूले प्रस्तुत गर्नु भएको प्रश्न, जिज्ञासा, मन्तव्य तथा सुझावहरू :

क) संस्थाको आन्तरिक लेखा परिक्षकलाई सक्रिय बनाउनुपर्ने ।
ख) साधारण सभा समयमै सम्पन्न गर्न सुझाव ।
ग) नेपाल राष्ट्र बैंकको निर्देशन अनुसार समानुपातिक रूपले पूँजी वृद्धि गर्दै लग्नुपर्ने ।
घ) NPA सीमा बढीमा ३ प्रतिशत सम्म पुर-याउनुपर्ने ।

११.१० शेयरधनी श्री सुधिर श्रेष्ठज्यूले प्रस्तुत गर्नु भएको प्रश्न, जिज्ञासा, मन्तव्य तथा सुझावहरू :

क) संस्थाले Project Loan दिने बारे विचार गर्नुपर्ने ।
ख) संस्थाले ग्राहकहरूलाई SMS Banking सुविधा दिनु पूर्व यस प्रविधिमा देखिएको असुरक्षित वातावरणलाई विचार गरी कार्यान्वयन गर्न सुझाव ।
ग) नेपाली जनतामा बैकिङ्ग क्षेत्रको विश्वास दिनुपर्ने ।
घ) वार्षिक प्रतिवेदनको कभर पृष्ठमा देखाईएको जनचेतनामूलक फोटोको प्रस्तुती राम्रो पक्ष रहेको ।

११.११ शेयरधनी श्री नारायण सुन्दर श्रेष्ठज्यूले प्रस्तुत गर्नु भएको प्रश्न, जिज्ञासा, मन्तव्य तथा सुझावहरू :

क) लेखा परिक्षकको नियुक्तिमा सोच विचार गरी नियुक्ति गर्नुपर्ने ।
ख) साधारण सभामा शेयरधनीहरू उपस्थिति हुँदा शेयर प्रमाणपत्र तथा अन्य परिचयपत्र साथमा ल्याउनुपर्ने आवश्यक नदेखिएको ।
ग) संस्था मर्जर गर्नुपर्ने सम्बन्धमा संस्था के कति कारणले मर्जर गर्नुपर्ने हो सोको विश्लेषण गरी मर्जर गर्ने प्रक्रिया अघि बढाउनुपर्ने ।
घ) वार्षिक प्रतिवेदनमा उल्लेखित आर्थिक सुचकाङ्क सन्तोषजनक रहेको ।
ङ) वार्षिक प्रतिवेदनमा आन्तरिक लेखा परिक्षकको कार्य र निजले लिने पारिश्रमिक बारे विस्तृत विवरण उल्लेख गर्नुपर्ने ।
च) संस्थाको गच्छे अनुसार लाभाशं वितरण गर्नुपर्ने । तर संस्था पनि बलियो हुनुपर्ने ।
छ) वार्षिक प्रतिवेदनमा CEO ले लिएको वार्षिक पारिश्रमिक मात्र देखाईएको तर CEO नाम पनि लेखिएको भए स्पष्ट हुने ।

१२. शेयरधनी महानुभावहरूको प्रश्न, जिज्ञासा, मन्तव्य तथा सुझाव सन्दर्भमा अध्यक्ष श्री दुर्गामान श्रेष्ठ तथा महाप्रबन्धक श्री उमेश रेग्मीले सबै शेयरधनी महानुभावहरूको प्रश्न, जिज्ञासा, मन्तव्य तथा सुझावलाई निम्नानुसार स्पष्ट पार्नु भयो ।

१२.१ गत आषाढ मसान्तमा एक दुई वटा कर्जाको समयमै व्याज असूल हुन नसकेकोले NPL मा वृद्धि भएको र हाल चैत्र मसान्त सम्ममा NPL ४.५ प्रतिशतमा घटि सकेको र आगामी दिनमा यसलाई करीब ३ प्रतिशत सम्म झार्न पहल गर्ने बारे स्पष्ट पार्नुभयो ।

१२.२ वार्षिक प्रतिवेदनमा देखापरेका सामान्य त्रुटीहरूलाई आगामी बर्षमा तयार गरिने प्रतिवेदनमा आवश्यक सुधार गर्ने प्रतिवद्धता व्यक्त गर्नु भयो ।

१२.३ सभामा संस्थालाई आवश्यकतानुसार मर्जर गर्ने आवश्यक भएमा राम्रो संस्था संग संस्था मर्जर जाने प्राप्त सुझाव र यस बारे नेपाल राष्ट्र बैंकको निर्देशिका बमोजिम संस्था मर्जर गर्ने सम्बन्धमा २/४ वटा संस्थाहरूसंग कुराकानी भईरहेकोले निजहरूसंग terms and reference मिल्यो भने निकट भविष्यमा नै विशेष साधारण सभा गरेर संस्था मर्जर गर्ने बारे प्रस्ताव पारितको लागि पेश गर्ने अनुरोध गर्नु भयो ।

१२.४ शेयरधनी महानुभावहरूलाई आगामी बर्ष वोनस शेयर वितरण गर्न प्रयास गर्ने प्रतिवद्धता व्यक्त ।

१२.५ संस्थाले वार्षिक लक्ष्य अनुसार कार्य प्रगति हासिल गरेको भनि शेयरधनीहरूबाट मन्तव्य प्रति आभार व्यक्त । चालू आ. व. मा खुद मुनाफा करीब दुई करोड पुग्ने अपेक्षा व्यक्त ।

१२.६ संस्थाले शेयरधनीहरूको समस्यालाई विचार गरी शेयरधनी महानुभावहरूबाट कम शेयर रकम लिने उद्देश्यले संस्थालाई तत्काल आवश्यक रहने चुक्ता पूँजीको लागि मात्र चार बराबर एक (४:१) को अनुपातमा हकप्रद शेयर समयमै निष्काशन गर्न लागेको विचार व्यक्त ।

१२.७ संस्थाले कर्जा लगानी गर्ने सम्बन्धमा बढी सुरक्षित तथा असुल उपर गर्न सकिने दृष्टिकोणले व्यावहारिक पक्षमा लगानी गर्नुपर्ने व्यहोरा जानकारी गराउनु भयो ।

१२.८ कर्मचारी खर्च वृद्धि भएको बारे विगत बर्ष देखि कर्मचारीहरूको उपदान सुविधा तथा बिदाको सुविधाको खर्चको व्यवस्था भइनसकेकोले गत आषाढमा मात्र खर्चको एकमुष्ठ व्यवस्था गर्दा उक्त शीर्षकमा खर्च व्यवस्थामा वृद्धि देखिन गएको मात्र हो भनि जानकारी गराउनु भयो ।

१२.९ संस्थालाई अरू संस्था संग गाभिन (Merge) शेयरधनी महानुभावहरूबाट यस सभामा छलफलका क्रममा राखिएको प्रस्ताव तथा सुझाव सन्दर्भमा संस्थाको पूँजी वृद्धि गर्न आवश्यक देखिएको र संस्थालाई राम्रो हुने दृष्टिकोणले नै राम्रो संस्था संग मर्जर गर्नुपर्ने तथ्यलाई सबैले सकारात्मक लिनुपर्ने व्यहोरा अनुरोध गर्नु भयो । संस्था मर्जर गर्ने सम्बन्धमा शेयरधनीमहानुभावहरूबाट यस साधारण सभामा प्रस्ताव राखेकै दृष्टिकोणले आवश्यकतानुसार संस्था मर्जर गर्न आवश्यक परेमा संचालक समितिलाई सैद्धान्तिक सहमति दिन हुन अनुरोध गर्नु भयो ।

१२.१० लेखा परिक्षकहरूको लेखा परिक्षक कार्य बारे ध्यानाकर्षण गर्ने शेयरधनीमहानुभावहरूको सुझाव बारे आन्तरिक तथा वाहृय लेखा परिक्षकबाट त्रैमासिक रूपमा लेखा परिक्षण कार्य गर्दै आएको बारे बताउनु भयो ।

१२.११ महाप्रन्धक श्री उमेश रेग्मीले सम्पूर्ण शेयरधनी महानुभावहरूलाई बर्षको ३६५ दिनमा हुने १ दिन वार्षिक साधारण सभामा मात्र उपस्थित भई जिज्ञासा राख्नुको सट्टा अन्य समयमा पनि संस्थाको बारेमा जानकारी राख्न र आवश्यक सल्लाह, सुझाव दिईरहन अनुरोध गर्नु भयो ।

१३. **सभाको निर्णयहरू :**

देहाय बमोजिम प्रस्तावहरूको अध्यक्ष ज्यू बाट सर्वसम्मतीबाट पारित भएको घोषणा गर्नुभयो ।

१३.१ सञ्चालक समितिको वार्षिक प्रतिवेदन :

सञ्चालक समितिको तर्फबाट अध्यक्षज्यूबाट सभा समक्ष पेश भएको संस्थाको पाँचौं बार्षिक प्रतिवेदन पारित हुन प्रस्तुत हुँदा सर्वसम्मतिबाट पारित भयो ।

१३.२ लेखा परीक्षण प्रतिवेदन सहित आ.व. २०६६/०६७ को वासलात, नाफा नोक्सान हिसाब र नगद प्रवाह विवरण :

आ. व. २०६६/०६७ को लेखा परीक्षण प्रतिवेदन सहितको संस्थाको २०६७ आषाढ मसान्तको वासलात, नाफा नोक्सान हिसाब तथा नगद प्रवाह विवरण सर्वसम्मतीबाट पारित भयो ।

१३.३ आ. व. २०६७/०६८ को लागि लेखा परीक्षकको नियुक्ती तथा निजको पारिश्रमिक निर्धारण :

लेखा परीक्षण समितिले सिफारिस गरे बमोजिम आ. व. ०६७/६८ को लागि संस्थाको लेखा परिक्षण गर्न श्री जनक एण्ड एशोसियट्स, चार्टर्ड एकाउण्टेण्ट्सलाई पारिश्रमिक वापत (कर सहित) रू.६६,०००/= (रू. छैसठी हजार मात्र) प्रदान गर्ने गरी नियुक्ति गर्ने निर्णय सर्वसम्मतीबाट पारित भयो ।

१३.४ प्रवन्धपत्र तथा नियमावलीमा प्रस्तावित संशोधनको स्वीकृती :

प्रबन्धपत्र तथा नियमावलीमा निम्न बमोजिम संशोधन पारित गरियोस भनी प्रस्तुत गरिएको विशेष प्रस्तावका सम्बन्धमा सभामा छलफल हुँदा देहाय बमोजिम संशोधन गर्ने गरी सर्वसम्मतीबाट पारित गर्ने निर्णय भयो ।

**(१) जारी तथा चुक्ता पूँजी वृद्धि गर्ने बारे ।**

जारी तथा चुक्ता पूँजी वृद्धि गर्ने बारे प्रबन्धपत्र तथा नियमावलीमा आवश्यक संशोधनको लागि राखिएको निम्नानुसारको प्रस्ताव सर्वसम्मतीबाट पारित गर्ने निर्णय भयो ।

**प्रबन्धपत्र तर्फ**

| सम्बन्धित दफा | साविकको व्यवस्था | पारित संशोधन |
|---|---|---|
| दफा ५ को उपदफा (ख) र (ग) | **दफा ५**<br>(ख) वित्तीय संस्थाको जारी पूँजी रू.१०,००,००,०००।- (अक्षरेपी रू. दश करोड मात्र) हुनेछ । जसलाई प्रति शेयर रू.१००।- का दरले १०,००,००० (दश लाख मात्र) थान साधारण शेयरमा बिभाजन गरिएको छ ।<br>(ग) वित्तीय संस्थाको चुक्ता पूँजी रू. १०,००,००,०००।- (अक्षरेपी रू. दश करोड मात्र) हुनेछ । जसलाई प्रति शेयर रू.१००।- का दरले १०,००,००० (दश लाख मात्र) थान साधारण शेयरमा बिभाजन गरिएको छ । | **दफा ५**<br>(ख) वित्तीय संस्थाको जारी पूँजी रू.१२,५०,००,०००।- (अक्षरेपी रू. वाह्र करोड पचास लाख मात्र) हुनेछ । जसलाई प्रति शेयर रू.१००।- का दरले १२,५०,००० (वाह्र लाख पचास हजार मात्र) थान साधारण शेयरमा बिभाजन गरिएको छ ।<br>(ग) वित्तीय संस्थाको चुक्ता पूँजी रू. १२,५०,००,०००।- (अक्षरेपी रू. वाह्र करोड पचास लाख मात्र) हुनेछ । जसलाई प्रति शेयर रू.१००।- का दरले १२,५०,००० (वाह्र लाख पचास हजार मात्र) थान साधारण शेयरमा बिभाजन गरिएको छ । |

## नियमावली तर्फ

| सम्बन्धित नियम | साविकको व्यवस्था | पारित संशोधन |
|---|---|---|
| नियम ५ को उपनियम (२) र (४) | **नियम ५**<br>५. वित्तीय संस्थाको अधिकृत पूँजीको अंक र विभिन्न प्रकारको शेयर संख्याः-<br>(२) वित्तीय संस्थाको जारी पूँजी रू.१०,००,००,०००।- (अक्षरेपी रू. दश करोड मात्र) हुनेछ । जसलाई प्रति शेयर रू.१००।- का दरले १०,००,००० (दश लाख मात्र) थान साधारण शेयरमा बिभाजन गरिएको छ ।<br>(४) वित्तीय संस्थाको चुक्ता पूँजी रू. १०,००,००,०००।- (अक्षरेपी रू. दश करोड मात्र) हुनेछ । जसलाई प्रति शेयर रू.१००।- का दरले १०,००,००० (दश लाख मात्र) थान साधारण शेयरमा बिभाजन गरिएको छ । | **नियम ५**<br>५. वित्तीय संस्थाको अधिकृत पूँजीको अंक र विभिन्न प्रकारको शेयर संख्याः-<br>(२) वित्तीय संस्थाको जारी पूँजी रू.१२,५०,००,०००।- (अक्षरेपी रू. वाह्र करोड पचास लाख मात्र) हुनेछ । जसलाई प्रति शेयर रू.१००।- का दरले १२,५०,००० (वाह्र लाख पचास हजार मात्र) थान साधारण शेयरमा बिभाजन गरिएको छ ।<br>(४) वित्तीय संस्थाको चुक्ता पूँजी रू. १२,५०,००,०००।- (अक्षरेपी रू. वाह्र करोड पचास लाख मात्र) हुनेछ । जसलाई प्रति शेयर रू.१००।- का दरले १२,५०,०००(वाह्र लाख पचास हजार मात्र) थान साधारण शेयरमा बिभाजन गरिएको छ । |

**(२) <u>संचालकको पारिश्रमिक तथा सुविधा बारे</u> ।**

संचालक समितिको बैठक भत्ता, पत्रपत्रिका तथा टेलिफोन सुविधाको देहाय बमोजिम नियमावलीमा संशोधन तथा थप व्यवस्था गर्न प्रस्तुत प्रस्ताव सर्वसम्मतीबाट पारित गर्ने निर्णय भयो ।

## नियमावली तर्फ

| सम्बन्धित नियम | साविकको व्यवस्था | पारित संशोधन |
|---|---|---|
| नियम १६ को उपनियम (१) | नियम १६<br>१६. संचालकको पारिश्रमिक तथा सुविधाः-<br>(१) समितिको बैठकमा उपस्थित भए बापत संचालकले पाउने बैठक भत्ता रू.१०००।- हुनेछ । अन्य सुविधा साधारण सभाले समय समयमा निर्धारण गरे बमोजिम हुनेछ । | नियम १६<br>१६. संचालकको पारिश्रमिक तथा सुविधाः-<br>(१) समितिको बैठकमा उपस्थित भए बापत प्रति बैठक भत्ता अध्यक्षको रू ३,०००।- (अक्षरेपी रू.. तीन हजार मात्र) र संचालकको रू २,५००।- (अक्षरेपी रू. दुई हजार पाँच सय मात्र) हुनेछ । पत्रपत्रिका तथा टेलिफोन सुविधा वापत अध्यक्षको मासिक रू ३,०००।- (अक्षरेपी रू. तीन हजार मात्र) र संचालकको रू २,५००।- (अक्षरेपी रू. दुई हजार पाँच सय मात्र) हुनेछ । अन्य सुविधा साधारण सभाले समय समयमा निर्धारण गरे बमोजिम हुनेछ । |

(३) प्रबन्धपत्र तथा नियमावलीमा सम्बन्धित निकाय वा कार्यालयबाट थप संशोधन गर्न कुनै निर्देशन दिएमा सो समेत मिलाई संशोधन गर्न संचालक समितिलाई अख्तियार दिने बारे ।

सम्बन्धित नियमन निकाय वा कार्यालयबाट थप संशोधन गर्न कुनै निर्देशन दिएमा सो समेत मिलाई सच्याउन संचालक समितिलाई अख्तियार दिने सर्वसम्मतीबाट पारित गर्ने निर्णय भयो ।

१३.५ पाँचौ वार्षिक प्रतिवेदनमा उल्लेख भए बमोजिम निर्धारित विषय सूची अर्न्तगत शेयरधनीहरूलाई ४:१ (चार बराबर एकको दरले) हकप्रद शेयर जारी गर्ने प्रस्ताव सर्वसम्मतीबाट पारित भयो ।

१३.६ वर्तमान तरलता अभावको अवस्थामा संस्थाको पूँजी वृद्धि गर्ने विभिन्न विकल्प मध्ये अन्य बैंक तथा वित्तीय संस्था संग गाम्न/गाभिने नै एक उपयुक्त विकल्प भएको र सो सम्बन्धी प्रस्ताव साधारण सभा प्रयोजनको लागि प्रकाशित नगरिएको अवस्थामा कम्पनी ऐन २०६३, को दफा ६७ को उपदफा ३ को खण्ड (क) बमोजिम उपस्थित शेयरधनीले सर्वसम्मतीबाट मर्जमा जाने प्रस्ताव पेश गर्नु भयो । उक्त प्रस्ताव निर्णयार्थ पेश हुँदा उपयुक्त बैंक तथा वित्तीय संस्था खोजी गरी मर्जको प्रक्रिया अगाडी बढाई मर्जर गर्न सैद्धान्तिक रूपमा संचालक समितिलाई अख्तियारी प्रदान गर्ने प्रस्ताव सर्वसम्मतीबाट पारित गर्ने निर्णय भयो ।

१३.७ सर्वसाधारण शेयरधनीहरूबाट प्रतिनिधित्व गर्ने संस्थापक शेयरधनी “क” समूहको ४ जना संचालक निर्वाचन गर्ने सन्दर्भमा संचालक समितिबाट नियुक्ति गरिएका निर्वाचन अधिकृत अधिवक्ता श्री सुशिल काजि वाँनियाले संस्थाका अध्यक्ष श्री दुर्गामान श्रेष्ठ, संचालक श्री महेश कुमार श्रेष्ठ, संचालक श्री शम्भु बहादुर प्रधान, संचालक श्री चन्द्र खत्रीको मात्र उम्मेदवारी कायम भएको हुँदा श्री दुर्गामान श्रेष्ठ, श्री महेश कुमार श्रेष्ठ, श्री शम्भु बहादुर प्रधान र श्री चन्द्र खत्री संस्थापक शेयरधनीका तर्फबाट प्रतिनिधित्व गर्ने गरी “क” समूहको संचालक पदमा निर्विरोध निर्वाचित भएको सभामा घोषणा गर्नु भयो ।

१३.८ <u>विविध :</u>

निर्धारित विषय सूची अनुसार विविध अन्तर्गत छलफलको कुनै प्रस्ताव नभएकोले सभाको अन्त्यमा संचालक श्री महेश कुमार श्रेष्ठले उपस्थित सम्पूर्ण महानुभावहरूमा धन्यवाद ज्ञापन गर्नु भयो ।

१४. सभा विसर्जन :

सभाका सभापतिज्यूले सबै शेयरधनी महानुभावहरूलाई वहाँहरूको सक्रिय सहभागिता तथा अमूल्य सुझावका लागि आभार प्रकट तथा हार्दिक धन्यवाद दिर्दै शिखर फाइनान्स लिमिटेडको पाँचौं बार्षिक साधारण सभा विसर्जन भएको व्यहोरा अध्यक्ष श्री दुर्गामान श्रेष्ठले सभामा जानकारी गराउनु भयो ।

| | | |
|---|---|---|
| (प्रदिप मानन्धर)<br>अधिकृत/कम्पनी सचिव | मिति २०६८/०१/३१ | (दुर्गामान श्रेष्ठ)<br>अध्यक्ष |

प. सं SF/०६७/६८/ मिति २०६८/०२/०३

आदरणीय शेयरधनी महानुभाव,

विषय : तेश्रो वार्षिक साधारण सभाको काम कारवाहीको विवरण (माईन्यूट) पठाइएको बारे ।

मिति २०६८ वैशाख ३१ गते तदनुसार १४ मे, २०११ शनिवारका दिन नेपाल पर्यटन बोर्ड, भृकुटी मण्डप, काठमाडौंमा सम्पन्न संस्थाको पाँचौं वार्षिक साधारण सभाको काम कारवाहीको विवरण (माईन्यूट) शेयरधनीमहानुभावहरूको जानकारीको लागि यसै पत्र साथ पठाएको व्यहोरा अनुरोध छ ।

आज्ञाले,

(प्रदिप मानन्धर)
कम्पनी सचिव

संलग्नः माईन्यूट - थान १